# नेपाल ख्रीष्टियन हेराल्ड
# NEPAL CHRISTIAN HERALD




राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 21 No 10 Monthly International Edition of Herald of His Coming October 2020
वर्ष २१, अङ्क १० हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (कार्तिक, २०७७)

# हृदयको खोजी गर्ने वचन

## The Heart-Searching Word of God

Vol 79 No 1 (937)

परमेश्वरको वचन बीउ जस्तो छ । यसलाई प्राप्त गर्न तपाईंको खोजीमा निर्भर गर्दछ । कसैले वचनलाई आफ्नो बुझाइमा निर्धारण गर्न खोज्दछन् । वचन त हृदय भित्रबाट आउनुपर्छ । वचन परमेश्वर स्वयं हुनुहुन्छ । उहाँ हरेक मानिसको हृदयभित्र आउन चाहनु हुन्छ । यदी हामीले आफ्नो हृदय खोलेर उहाँलाई भित्र आउने मार्ग तयार गर्‍यौ भने उहाँ भित्र आउनु हुन्छ, र हामीसँगै वास गर्नु हुन्छ, त्यस पछि मात्र हाम्रो स्वभाव परिवर्तन हुन्छ । त्यसलाई नयाँ मानव भनिन्छ आजकल किन मानिसहरूको जीवन परिवर्तन भएको छैन ? किनभने हामीले परमेश्वरको वचनलाई साँचो अर्थमा भित्र निम्त्याएका छैनौं त्यसैले हामी हिजो जस्तो थियौं आज पनि उस्तै छौ ।

यी बाइबलका पदहरूलाई विचार गरौं "किनकि परमेश्वरको वचन ... हृदयको विचार र आसय जाँच्ने हो ।" (हिब्रू ४ :१२) यस्तै हिब्रुहरूको पुस्तक ३ अध्याय भरिनै हेर्‍यौं भने परमेश्वरको वचनलाई हृदयको दुष्टतालाई हटाउने, मानिसलाई परिवर्तन गर्न शक्ति छ भनिएको छ । तिमीहरूको हृदय कठोर नपार भनेर मोशाको समयका मानिसहरूको एउटा उदाहरण दिइएको छ । सत्य परमेश्वरको वचनको रगतले छर्किएको हृदय भनी बाइबलमा धेरै ठाउँमा लेखिएको छ जसलाई 'अनुग्रहले स्थिर पारिएको हृदय' पनि भनिन्छ ।

यस्तै साँचो - चोखो हृदयले मात्र परमेश्वरको वचनलाई खोजी गर्न सक्दछ । वास्तवमा हृदयको सुद्धताले यसको गहिरो र गोप्य कुराहरू पत्ता लगाउन सकिन्छ । वचन त परमेश्वरको बोली हो र यसलाई उहाँले आफै लेख्नु भएको हो र यसको विशेष उद्देश्य पनि छ । त्यो मानिस जसले यसको महत्व बुझेको छ उ अति नै धन्यको मानिस हो भनी बाइबलको व्याख्या गरेका छ । किनभने उ अब नयाँ मानिस हो र उसका स्वभाव, विचार अब नयाँ नयाँ हुन्छन् । यहाँ एउटा प्रश्न आउन सक्छ के तपाईं त्यो मानिस हो जसको हृदयमा परमेश्वरको वचन छ ?

**परमेश्वर र उहाँको वचनको उपज**

हिब्रू ४ : १३ ले भन्दछ " परमेश्वरको दृष्टिमा सृष्टिको कुनै पनि कुरा छिपेको हुँदैन, उहाँका नजरको सामुन्ने सबैकुरा स्पष्ट र खुला छन् उहाँलाई नै हामीले लेखा दिनु पर्दछ ।" परमेश्वरको वचनले आफैमा चरित्र धारण गर्दछ । उहाँ सर्वव्यापी, सर्वज्ञानी र सर्वशक्तिमान परमेश्वर हुनुहुन्छ उहाँको नजरबाट कुनै पनि कुरा लुक्न सक्दैन । उहाँको अगाडि कुनै कुरा पनि लुक्न सक्दैन उहाँको अगाडि सबैकुरा स्पष्ट छन् । हो, हामीले यो कुरा बुझेका छौ कि उहाँ उहाँनै हुनुहुन्छ । "जीवित परमेश्वरको हातमा पर्नु डरलाग्दो कुरा हो ।" (हिब्रू १० : ३१) "किनभने हाम्रा परमेश्वर भष्म पार्ने आगो हुनुहुन्छ । (हिब्रू १२ : २९) हाम्रो जीवन खुशीसाथ उहाँमा समर्पण गर्नुपर्दछ । हाम्रो जीवनमा कुनै गोप्य कुराहरू लुकाएर

राखेका हुन सक्दछौ, त्यो कुरा उहाँले सबै बुभ्नुहुन्छ । हाम्रो भित्र गोप्य कुराहरू छन् भने हामी सावधान हुनु पर्दछ । मानिस आफै जीवित बीजबाट सृजिएको प्राणी हो । परमेश्वरले पहिलो मानिस आदमलाई निन्द्राबाट विताउँनु भयो त्यतिवेला उहाँले जीवनको सास फुकिदिनु भयो र उ जीवित मानिस भयो । हामीले सँधै जीवित व्यक्तिभै व्यवहार गर्नु पर्छ । हामीले दिन दिनै गरेका गल्तिहरूको स्विकार गरेको उहाँ चाहनु हुन्छ । आफ्नो कमजोरीहरू देखेर कहिलै आत्तिनु हुँदैन । चिकित्सकले हातमा चक्कु लिएको भरमा रोग निको हुँदैन तर उसले घाउलाई चिरफार गरेर निको पार्नु पर्छ । परमेश्वरको वचनको ज्योतीले पनि तपाईंलाई गोप्य गरिएका घाउहरूबाट निको पार्छ । जीवित वचनले तपाईंलाई जीवन दिन्छ ।

परमेश्वरले आफ्नो पुत्रबाट हामीसँग बोलिसक्नु भएको छ । वास्तवमा हिब्रूको पुस्तकको मुख्य विषय पनि यही हो । यदी आज हामीले उहाँको स्वर सुनेर हृदयलाई कठोर बनाएनौ भने उहाँ हामीसँग रहनुहुन्छ । आउनुहोस्, हाम्रो जीवन उहाँमा अर्पण गरौ हामीले उहाँप्रति जस्तो व्यवहार गर्छौ उहाँले पनि हामी प्रति त्यस्तै व्यवहार गर्नु हुन्छ । चर्चको विचार वा तपाईंको विचारले तपाईं नियन्त्रीत हुनु हुँदैन जसले तपाईंलाई आशिष दिदैन तर परमेश्वरको वचन जो तपाईंको हृदयमा रहेको छ त्यसले तपाईं आशिष दिन्छ । परमेश्वरको वचन जीवित र क्रियासिल छ । उहाँको शक्तिमा विश्वास गर्नुहोस्, पवित्र आत्माले तपाईंलाई नयाँ बनाउनु हुन्छ ।

# जर्जमुलर : भरोसाको जीवन (भाग १)

## (George Maullor's Life of Trust – part – 1)

Vol 78 No 11 (935)

जर्जमुलरको जीवनका केही भागहरू अर्का केही अंकहरूमा क्रमैसँग प्रकाशन गर्दै जानेछौ । वास्तवमा उनका जीवनका चुनौतीहरू आशिषहरू हाम्रो निम्ति अति नै समय सान्दर्भिक हुनेछ भन्ने आशा लिएका छौ । उनी १८०५ सन्मा प्रशियामा जन्मिएका हुन् । उनको वाल्यकाल परमेश्वरको वचनद्वारा वन्चित थियो उनीसँग पढ्नको लागि बाइबल उपलब्ध थिएन । उनको बुबाले उनलाई र उनको भाइलाई कुनै कुराको खाँचो बनाएनन् जसले गर्दा उनीहरू सजिलै पापमा डुबे तापनि केही समय पछि जर्जमुलरले हिब्रू ल्याटिन र ग्रीक भाषा को निकै गहिरो अध्ययन गरे ।

उनका बाबुले उनलाई सेवाकाई गर्न उत्साह दिएका थिए जसले गर्दा उनको जीवन यापन गर्न सजिलो होस् । बुबाको सेवा निबृति पछि पनि केही सोचेर उनले यस्तो उत्साह पाएका थिए । त्यसैले गर्दा जर्ज ईश्वरशास्त्र अध्ययन गर्न कलेजमा भर्ना भए । उनी ईश्वरशास्त्रकै विद्यार्थी भएता पनि उनलाई मुक्तिको निश्चितता भने थिएन । उनले परमेश्वरको विरुद्धमा पापमय जीवन यापन गरिनै रहेका थिए । उनी आफै परिवर्तन हुन चाहन्थे तर उनले सकिरहेका थिएनन् ।

**परिवर्तनको विन्दू**

जर्जमुलरलाई एकदिन सनिवारको साँझ एक जना मसिहीको घरमा बोलाइएको थियो । यति वेला उनी लगभग २० वर्षका थिए । त्यो प्रार्थना सभामा उनले भाग लिए जहाँ बाइबल अध्ययन, प्रार्थना तथा गवाही बाँडिएको थियो । त्यो साँझ उनी खुशी हुँदै घर फर्किए । यो उनको जीवनको अति नै महत्वपूर्ण दिन हुन गयो । त्यसै दिन उनी जीवनको अर्को पाटो तिर लागे । तर पनि उनको पापी स्वभावमा खासै परिवर्तन भने आएको थिएन । उनले आफ्ना पुराना खराब साथिहरूलाई त्यागेर नयाँ मसिही साथीहरू को संगत गर्न लागे । परमेश्वरको वचन सुन्न उनलाई मनपर्न लाग्यो । प्रचारकहरूको प्रवचन सुन्न उनी दिनमा १०/१५ माइल टाढा सम्म पैदलै जाने गरे । अब उनले जीवनको अर्थ बुझिसकेका थिए त्यसैले उनले एकदिन आफ्ना बुबालाई एउटा पत्र लेखे । यो खबर सुनेर उनका बुबा र भाइहरू सारै रिसाए ।

एक दिन एक जना ईश्वरिय प्राध्यापक Dr. Tholuck उनको कलेजमा आएर प्रचार गरे त्यो दिन मात्र जर्जमुलरले आफ्नो जीवन परमेश्वरलाई दिए । त्यो दिन उनको अरु नयाँ साथीहरूलाई पनि बोलाए वास्तवमा ति साथीहरूलाई उनले आत्मिक कुरा सिकाउने काम पनि गर्दथे । त्यस दिन देखी उनले आफ्नो सम्पूर्ण जीवन प्रभुलाई दिए र अब देखि उसो प्रभुकै सेवा गर्दछु भन्ने प्रण गरे । त्यसै विषयको लागि उनले लगातार प्रार्थना गरिरहे ।

Dr. Tholuck को उत्साह अनुसार उनले यहूदीहरूको विचमा सेवा गर्न जानको लागि निवेदन दिए । अध्ययन अवधिमा नै उनलाई छ महिनाको लागि सेवा गर्न वेलायत बोलाइयो । अहिले आएर उनको बुबाले पनि वेलायत पठाउन राजी भए तरै पनि उनको अगाडि

धेरै चुनौतिहरू प्रसस्तै थिए । प्रशियाको सरकारी नियम अनुसार हरेक युवकहरूले केही समय सेनामा सेवा गर्न अनिवार्य नै थियो । अब के गर्ने उनलाई अलि गाऱ्हो पनि पऱ्यो । तर एक दिन एक जना चिकित्सकले उनलाई शारीरिक जाँच गर्दा उनी सेनामा भर्ना हुन अयोग्य सावित भए । अब उनलाई सेवाको लागि वेलायत जान बाटो सजिलो भयो ।

उनी वेलायत गए, उनले त्यहाँ किनै कडा मेहनत गरेर पढे । निकै परिश्रम गरेकाले उनको स्वास्थ्य अवस्था विग्रदै गयो । अब उनी बाच्नै नसक्ने अवस्थामा पुगे । अनी बेलायतको अलि ग्रामिण वस्तिहरू तिर गए र प्रार्थनामा समय विताए । उनलाई धेरै राम्रो हुदै गयो । त्यो ठाउँमा धेरै विश्वासीहरूको संगत प्राप्त गरे, तिनीहरूबाट उनले सेवाको लागि शारीरिक बल भन्दा पवित्र आत्माको शक्ति कति आवश्यक रहेछ भन्ने राम्रोसँग बुझ्ने मौका पाए । विभिन्न पुस्तकहरू भन्दा पवित्र आत्मा को खोजि गरे, साथै नयाँ नयाँ कुराहरू सिक्ने कुरामा समय विताउन लागे । जर्जमुलरले आफ्नो दैनिकीमा यसरी लेखेका छन् "मैले वन्दकोठा भित्र बसेर सिकेको कुरा पुस्तकालयमा महिनौं लगाएर सिकेको भन्दा एकदम सरल तथा प्रभाकारि भयो, महिना भरी सिकेको कुरा १ घण्टामा सिक्न सकें । यि दुवैमा विशेष भिन्नता के भयो भने मैले व्यक्तिगत शक्ति कोठाभित्रको संगतिमा प्राप्त गरे ।"

फेरि उनी अरु अध्ययनको लागि वेलायतको लण्डनमा नै फिर्ता भए । उनले अब आफ्ना विद्यार्थीहरूलाई विहान ६ बजे देखि ८ बजेसम्म प्रार्थनामा समय बिताउन र परमेश्वरको शक्ति प्राप्त गर्न सिकाए । साँझको आरधना संगति सिद्धिएपछि उनले परमेश्वर सँगको गहिरो आत्मिएता प्राप्त गर्दथे जसले गर्दा मध्यरात सम्मनै प्रार्थनामा लागि रहन्थे । एकघण्टा रातमा सुतेर उनको निद्रा पुग्दथ्यो विहान छ बजे सम्म रातभरी उनले प्रार्थना गर्दथे ।

एकदमै कम्ती सुतेकाले उनको स्वास्थ्यमा फेरि समस्या देखिन थाल्यो । अब उनले थाहा पाए कि विशेष अध्ययन गर्नको लागि उनको शरीरले उनलाई साथ दिएको छैन र अब उहाँको सेवातिर वढ्ता ध्यान, दिनुपर्छ । लण्डनमा येहूदीहरूको विचमा सेवा गर्न उनलाई अरु धेरै ढोकाहरू खोलियो । जुन संस्थामा काम गर्न उनी वेलायत आएका थिए त्यो संस्थाले उनलाई अब स्वतन्त्र भएर सेवा गर्न सक्दछौ भनी उत्साहसाथ मुक्त गरिदिए ।

**परमेश्वरमा पर्खन सिक्दै**

तालिम सिध्याउने वित्तिकै जर्जमुलरलाई Teignmout मा एउटा Chapel मा पास्टरको भूमिका निर्वाह गर्न भनियो । उनले यो मौका पाउने वित्तिकै थाहा पाए कि चर्चमा कुन प्रकारको वचन प्रचार गर्नु पर्ने उनलाई त थाहै रहेनछ । अब उनले जुन खण्ड प्रचार गर्नु पर्ने हो त्यो खण्डलाई परमेश्वर कहाँ लिएर गए । कति पल्ट उनले परमेश्वरबाट ठिक पाठ र प्रकाश नआउन्जेल घण्टौं सम्म पनि प्रार्थना गर्दथे । उनले खण्डलाई धेरै पटक पढ्ने गर्दथे । खण्डले के भन्न खोजेको हो र यसको प्रयोग कसरी गर्न सकिन्छ त्यो कुरा प्रकाशमा नआए सम्म उनले पढेको पढ्यै गर्दथे । कहिले काहीं उनी चर्चमा प्रचार गर्नलाई कुनै खण्ड विना नै पनि जाने गर्दथे, त्यति वेलानै पोलपिट मा उभिएकै वेला परमेश्वरले उनलाई नयाँ खण्डबाट नयाँ प्रकाश दिनुहुन्थ्यो । परमेश्वरले यस्तो अवस्थामा आफ्नो प्रकाश के हो भन्ने आफ्नो दासलाई देखाउन उहाँ सँधै विश्वास योग्य हुनुभयो ।

**विश्वासमा अगाडि बढ्न हिम्मत :**

जर्जमुलरले मिस मेरी ग्रोमसँग विवाह गरे । विवाह गरे लगतै उनले आफ्नो सम्पूर्ण आम्दानी चर्चलाई दिनु पर्ने भयो । चर्चमा त्यो पैसा भाडा तिर्नको लागि संकलन गरिएको थियो । सुरुमा उनलाई यो परमेश्वरबाट हो जस्तो लागेको थिएन तर यो स्वतन्त्र विचार भएकाले उनले सबै चर्चलाई दिए । अब उनलाई आर्थिक संकट भयो यसलाई पूर्ति गर्नको लागि चर्चको बाहिर एउटा चन्दा वाकस राखिएको थियो । कहिलेकाहीँ संकलन एकदमै कम हुन्थ्यो कहिले काँही आर्थिक संकलन गर्ने व्यक्तिहरूको वेवास्ता गर्दथे । उनी र उनकी श्रीमतीले कहिलेकाहीँ मात्र आफ्नो पर्समा थोरै पैसा पाउँथे । तर तिमीहरूको लगातार प्रार्थनाको कारणले त्यो चर्चमा ठूलो आशिष भयो मानिसहरूको आर्थिक अवस्था सुद्रिढ हुँदैगयो अनि चर्चमा धेरै मानिसहरूले भेटी चढाउन थाले । यसरी उनीहरूको विश्वासमा परमेश्वरले उत्साह दिनुभयो । उनीहरूले कहिलै पनि ऋृण लिएनन् । यसरी उनीहरूले जीवित परमेश्वरमा भरोसा गर्नु भनेको के हो चर्चलाई सिकाउन चाहन्थे ।

जर्जमुलरले यसरी लेखेका छन् "जब मैले सेलाएको महसुस गर्दथे मैले आफ्नो जीवनलाई तताउन यसरी नै परमेश्वरमा भरपर्न सिक्दथे । जब म पछाडि फर्कन्थे अनि प्रभुले मलाई समस्याहरू दिनुहुन्थ्यो र मैले उहाँमा भरोसा राख्न सिक्दथे ।" पापमा रहिरहनु र परमेश्वरमा पनि रहिरहनु दुवैकुरा एकै पटक सम्भव छैन । स्वर्गको आशिषलाई हाम्रो जीवनमा खसाल्न त्यति सजिलो पनि छैन होला हामीले गम्भिर साथ गरेको प्रार्थनाले सम्पूर्ण

कुराहरू सम्भव छ ।

मुलर दम्पत्तिले दिउँसो खाना खाँदै गर्दा साँझको खानाको लागि पहिले नै धन्यवाद दिन्थे । पारिश्रमिक नभएता पनि परमेश्वरले आवश्यकता भन्दा बढ्ता नै उनिहरूलाई जुटाउनु हुन्थ्यो । उनले भन्ने गर्दथे "मैले कठोर परमेश्वरलाई प्रेम गरेको छैन त्यो कुरा मैले मानिसहरूलाई देखाउन चाहन्छु ।" टेग्नमाउथ दुई वर्ष सेवा गरिसके पछि उनलाई विस्टल मा सारियो । यो ठाउँमा परमेश्वरले उनीहरूलाई अचम्म प्रकारले चलाउनुभयो, धेरै प्राणहरू बचाइए । व्रिस्टलमा धेरै गरिब मानिसहरू बस्ने गर्दथे जर्ज दम्पत्तिलाई परमेश्वरले यति धेरै दिनु भयो कि उनीहरूले धेरै मानिसहरूलाई खानेकुराहरू किनेर दिन सके ।

**धर्मशास्त्रीय ज्ञान र स्कूल**

व्रिस्टलमा जर्जका दम्पत्तीले धेरै वर्ष क्राइक सँगसँगै सेवा गरे । तिनीहरूले संसारभरी सेवकाई गर्नको लागी अब एउटा मिसिनरी स्कूल खोल्ने विचार गरे । यो एउटा धर्मशास्त्रीय तालिम केन्द्रको रूपमा विकाश गर्नुपर्ने थियो । यो स्कुलमा बालबालीकाहरूको लागि आइतबार र वयस्कहरूको लागि त्यसपछि सिकाउने काम सुरु भयो त्यहाँ बाइबलिय सिद्धान्त र सेवाको वारेमा सिकाउने गरियो र पढाइने पाठ्यक्रमहरू मिसिनरी केन्द्रीत हुन गयो ।

त्यो तालिम केन्द्रमा उनीहरूले सवै काम आफै गर्दथे । उनीहरूले एक पैसा पनि ऋण लिएनन् । परमेश्वरले सबै कुरा जुटाउनु भयो । "...नता बाललेन शक्तिले, तर मेरो आत्माले सर्वशक्तिमान् परमेश्वर भन्नुहुन्छ ।" (जकरिया ४: ६) यदि हामीले प्रार्थनामा सबैकुरा माग्यौ भने उहाँले हामीलाई दिनुहुनेछ ।

धेरै महिना काम गरिसके पछि एकजना सानो अनाथ केटाको बारेमा उनीहरूले थाहा पाए । वास्तवमा उ एउटा स्कूलमा जाँदो रहेछ त्यस स्कुलका शिक्षकहरूबाट त्यो केटाको वारेमा उनीहरूले थाहा पाएका थिए । अब त्यो केटालाई त्यहाँबाट लगेर धेरै टाढा गरिबहरू बस्ने घरमा राख्नुपर्ने थियो । यो घटना जब मुलरले थाहा पाए उनी स्कूलमा गए र केटाको वारेमा सबैकुरा बुझे जसले गर्दा उनी धेरै दुःखी भए । अब उनले त्यो निरास केटालाई केही सहायता गर्नु पर्छ भन्ने सोच बनाए ।

**पहिलो अनाथ बालगृह**

सन् १८३५ मा त्यतिवेला जर्जमुलर तिस वर्षका थिए उनले एउटा अनाथ गृह खोल्नु पर्ने आवश्यकता महसुस गरे । विभिन्न सोचाइ र विचारले उनलाई यहाँसम्म पुऱ्याएको हो । परमेश्वर जीवित हुनुहन्छ भन्ने कुरा विश्वासीहरूलाई सिकाउनु पर्ने कुरा उनीबाट प्रमाणित गर्नुपर्ने थियो । यो समय जर्जले ठूलो भरोसा परमेश्वरसँग राख्नु पर्ने भयो । एक जना बुबाले आफ्नो छोरा छोरीलाई पालन पोषण गर्नको लागि कसरी १४ बदेखि १६ घण्टा सम्म कडा परिश्रम गर्नु पर्छ भन्ने कुरा पनि देखेका थिए । यही सिद्धान्त अनुसार मुलर दम्पत्तिले काम सुरु गरे । उनीहरूले निकै लामो समय काम गरे । कामको व्यस्थताले उनीहरूले बाइबल अध्ययन तथा प्रार्थना गर्ने समय पनि पाउँदैनथे तर उनीहरूले कहिलै पनि प्रार्थना र वचन अध्ययनमा कुनै कमि राखेनन् । परमेश्वरले जुटाउँदै जानुभयो र उनीहरूले परिश्रम गर्दै गए । यसरी धेरै जनालाई उनीहरूले सहायता पनि गर्न सके । कति जना विश्वासीहरू वृद्ध भइसकेकाहरूलाई पनि वस्न र खानको समस्या भएको थियो । वृद्धहरूको हृदयमा एउटा ठूलो डर थियो अब उनीहरू बृद्धहरूको घरमा जानुपर्छ र जीवनको बाँकी भाग त्यही विताउनु पर्छ । ति वृद्धहरूलाई उनले परमेश्वरले कहिलै पनि त्याग्नु हुने छैन भन्ने कुरा देखाउन चाहन्थे । यस्तै उनले ईसाइ व्यापारीहरूलाई पनि हाम्रो व्यापार, उद्योग, व्यवसाय परमेश्वरमा अर्पण गऱ्यौं भने उहाँले हामीलाई आशिष दिनु हुन्छ भन्ने कुरा देखाउनु पर्ने थियो । यो कुरा व्यापारीहरूले सिक्नै पर्ने कुरा थियो । त्यो पेशामा भएका कति व्यापारीहरूले यो सत्यतालाई नबुझेको पनि मुलरले देखेका थिए । कति जनाहरू त व्यवशायबाट थाकेर, ऋण तिर्न नसकेर आफै वेरोजगार भइसकेका पनि थिए । मुलरले यी मानिसहरूलाई कसरी सहायता गर्नेहोला भनी सोचिरहेका थिए । र, तिनीहरूको लागि लगातार प्रार्थना गरिरहन्थे । उनीहरूलाई पनि हाम्रा परमेश्वर विश्वास योग्य हुनुहुन्छ भनि देखाउनु पर्ने थियो ।

'म एक जना परमेश्वरमा भर पर्ने व्यक्ति हो, मेरो नाम उत्साह हो' भन्ने कुरा उनले देखाउन चाहन्थे । त्यही अनुसार उनले प्रार्थना गरिरहे । उनले अब एउटा अनाथ गृह सुरु गरे । ति अनाथहरूको भविष्य उनले देखेका थिए । तिनीहरूलाई एक दिन यसरी नै सिकाउनु पर्ने बोध उनले प्राप्त गरे के कुनै कुरा परमेश्वरमा असम्भव छ र ? उनले बालबालिकाहरूको भौतिक कुराहरू मात्र हेरेनन् आत्मिक जीवनलाई ध्यान दिए । यसरी जर्ज दम्पत्तीले परमेश्वरको महान काम गरे ।

*क्रमश अर्को अंकमा .........*

*जर्जमुलरद्वारा लिखित"लाइफ अफ ट्रस्ट"पुस्तकबाट साभार गरिएको ।*

# विश्वास र सेवकाई संकटका समयमा

## (Faith And Ministory In A Time of Crisis)

By Rich Carmicheal

वर्तमान अवस्थामा संयुक्त राज्य अमेरिकाको अवस्था निकै गम्भीर छ। कोरोना भाइरसको विश्वव्यापी महामारी छँदैछ, त्यो भन्दा बढ्ता अनैतिकता, कुकर्म, हिंसा, क्रोध, दंगा, भ्रम र विभाजन जस्ता कुराहरूले यो देशलाई तहसनहस पारेको छ। धेरै मानिसहरूले स्पष्ट सँग तर्क गर्ने आफ्नो क्षमतालाई गुमाएका छन्। हामी यस्तो ठाउँमा पुगेका छौ जहाँ खराबलाई असल र असललाई खराब भन्नेहरूको ठूलो जमात छ। ( यशैया ५ : २०) इसाई विश्वास प्रति ठूलो वैमनस्यता बढ्दै गएको छ। यी घटनाहरू देखेर हामीलाई कुनै अचम्म लाग्दैन किनभने इसाई देशले परमेश्वरलाई विर्सिए पछि यी लक्षणहरू देखा पर्दछन्। प्रेरित पावलले रोमीको पुस्तक पहिलो अध्यायमा भने झैं संसार अहिले त्यस्तै भएको छ। " परमेश्वरको क्रोध ती मानिसहरूका सारा भक्तिहीनता र दुष्टताको विरुद्ध स्वर्गबाट प्रकट भएको छ। जसले सत्यलाई तिनीहरूका अधर्मले दबाइराखेका छन्।" (रोमी १: १८)

जब मानिसहरूले परमेश्वरलाई परमेश्वरको रूपमा महिमित पार्दैनन्, यस्तो हुनु स्वभाविक छ। "किनकि परमेश्वरलाई चिनेर पनि तिनीहरूले परमेश्वरलाई दिनु पर्ने महिमा दिएनन् नता धन्यवाद नै चढाए तर तिनीहरू आफ्ना वेकम्मा भएर र तिनीहरूको मुर्ख मन अझ अँध्यारो भयो।" (२१ पद)

"बुद्धिमान छु भन्ने दाबी गरे तापनि तिनीहरू मुर्खै भए तिनीहरूले विनासी मानिस चराचुरुङ्गी चारखुट्टे जनावर र घस्रने जीवहरूका मूर्तिका रूपसँग अनिवासी परमेश्वरको महिमा साटफेर गरे।" (२२ - २३) अहिले मानिसहरूले सृष्टिकर्तालाई न पुजेर सृष्टिलाई पुजा गरेका छन्। अन्तमा तिनीहरू यस्तो ठाउँमा पुगे कि परमेश्वरले तिनीहरूलाई उनीहरूको पापमै सुम्पिदिनु भयो। २४ - २८ मा उल्लेखित पापहरू आज पनि विद्यमान छन्।

**परमेश्वर आफ्ना जनहरू मार्फत काम गर्नुहुन्छ**

यस्तो समयमा परमेश्वरका मानिस भएको नाताले हाम्रो सेवाकाईको श्रोत स्पष्ट रूपमा चाहिन्छ। यो पत्रिकामा धेरै लेखकहरूले विशेष गरी विल एलिफले प्रभु माथिको विश्वास र एक ईश्वरीय व्यक्तिको कारणले कसरी राष्ट्र परिवर्तन हुन्छ भन्ने विषयमा लेख्नु भएको छ। एक जना मानिसले प्रभुप्रति गरेको समर्पणले सम्पूर्ण राष्ट्रलाई नै आशिषमा परिणत गर्दछ भन्ने कुरा हामी नहेम्याहको पुस्तकको सुरुमै देख्न सक्दछौं। त्यहाँ यरुसलेमको पर्खाल भत्काइएको छ र त्यहाँका मुलढोकाहरू आगोले नष्ट पारिएका छन् (१: ३) नहेम्याहको जीवनलाई विचार गर्नुहोस् त उनको कारणले गर्दा यो पुस्तकको अन्तमा नाटकिय रूपमा ठूलो परिवर्तन आएको छ। (१२ : ४३) "र त्यस दिन तिनीहरूले आनन्द गरेर ठूला वलिदानहरू चढाए किनकि परमप्रभु परमेश्वरले तिनीहरूलाई रमाहट गर्ने अवसर दिनु भएको थियो। स्त्रीहरू र बालबालिकाहरू पनि आनन्द मनाए। यरुसलेमको आनन्द उत्सव टाढा टाढा सम्म पनि सुनियो।"

नहेम्याहले सबै मानिसहरूलाई उत्साह दिए र निरासबाट आशा तिर फर्काए। एक जनाले इतिहास नै परिवर्तन गरे।

चार्ल्स स्पर्जनले आफ्नो लेखमा पवित्र आत्माले भरिएको ईश्वरिय व्यक्तिले कुनै आशा नभएको मानिसबाट कसरी काम गर्नु हुन्छ भन्ने विषयमा धेरै कुरा स्पष्ट पार्नु भएको छ। वाइबलमा यस्ता धेरै उदाहरणहरू छन् त्यसमा पावलको उदाहरण अति नै आकर्षक छ। पावल चढेको डुङ्गा जसमा २७६ जना सवार थिए। यात्रामा ठूलो आँधी आउँदा कसरी उनले सबैलाई बचाएका छन्। एक जनाले गर्दा धेरै मानिस बाँच्न सक्छन्। त्यो घटनालाई हेर्ने हो भने सबैजनाको आशा थिएन ( प्रेरित २७:२०) उनले परमेश्वरलाई विश्वास गरे जसले गर्दा डुङ्गा दुर्घटना हुन देखि रोकियो र सबैजना बाँचे। वास्तवमा भन्ने हो भने यो कार्य मानिसले गर्न सक्ने काम भने होइन। यहाँ परमेश्वरले मानिसहरूलाई कसरी बचाउनु हुन्छ भन्ने स्पष्ट देख्न सकिन्छ। कसरी बचाउनुहुन्छ भन्ने स्पष्ट देख्न सकिन्छ। यदि जहान दुर्घटना भएको २७६ जना मानिसहरू थिए। पावलले विश्वास गरेका परमेश्वरले धेरै व्यक्तिहरू बँचे, यस्तै नहेम्याहको कारणले सम्पूर्ण जाति नै बाँचेका थिए। हाम्रो जीवनको

श्रोत त परमेश्वर हुनुहुन्छ। हामी यस्तै उदाहरण यार्मियाको जीवनमा पनि देख्न सक्दछौं। "हे परमप्रभु परमेश्वर तपाईंले नै आफ्नो महाशक्ति र पसारिएको बाहुले आकाश र पृथ्वी सृष्टि गर्नुभएको हो।" (यर्मिया ३२ : १७) मानिसको निम्ति असम्भव तर परमेश्वरमा सम्भव। यर्मियाले इस्राएलीहरूलाई निर्वसन देखि छुटकरा गरेर ल्याए। एक जनाले धेरैलाई बचाए।

के तपाईंको विश्वासले धेरै मानिसहरू बच्दछन् भन्ने विश्वास गर्नु हुन्छ? हो म विश्वास गर्दछु एक जनाको विश्वासले अमेरिका बच्नेछ। यदि उहाँका मानिसले साँचो वचन प्रचार गरे र आफैलाई नम्र पारे भन्ने परिवर्तन सम्भव छ। हामी सबैले धेरै पटक प्रचार गरेको खण्ड यहाँ उदृत गर्न चाहन्छु "यदि मेरो नाउँ दिइएको मेरो प्रजाले आफैलाई नम्र पारेर प्रार्थना गर्छ, र मलाई खोजेर आफ्ना दुष्ट चालहरूबाट फर्कन्छ, तब म स्वर्गबाट तिनीहरूको प्रार्थना सुन्नेछु। र तिनीहरूका पाप क्षमा गर्नेछु र तिनीहरूको देशलाई म स्वस्थ्य पार्नेछु।" (२ इतिहास ७ : १४)

**हाम्रो शरणस्थान, बाल र आशा**

के तपाईं विश्वास गर्नु हुन्छ तपाईंलाई सम्भाल्ने क्षमता परमेश्वर सँग छ? तपाईंको जीवनमा परमेश्वरले काम गर्नुहुन्छ भन्ने अनुभव गर्नु भएको छ। हामी भजनसंग्रह को पुस्तकबाट केही खण्डहरू हेर्नेछौं। " परमेश्वर हाम्रा शरणस्थान र शक्ति हुनुहुन्छ, संकटमा सधैं हाजिर रहने सहायता, यसकारण हामी डराउने छैनौं, चाहे पृथ्वी उथलपुथल होस, वा पर्वतहरू समुद्रको गर्भमा सुन चाहे पृथ्वी गर्जोस् र फिँज काडोस् र चाहे त्यो उर्लेर आउँदा पर्वतहरू थर्कून्। " (भजन संग्रह ४६ : १ - ३)

बाइबलले जीवन सजिलो छैन भन्दा तपाईंलाई दुख लाग्दैन? हो, हामी संकटको समयमा सजिलै उहाँको शरणमा जान्छौं। हाम्रो जीवनमा जतिसुकै समस्याहरू आएता पनि तिनीहरूसँग हिँड्न सक्नुपर्छ। यसो बाहिरबाट हेर्दा हामी सबै ठिकै जस्तो देखिन्छौं तर समस्या नहुने कुनै मानिस नै हुँदैन। त्यस्तो अवस्थामा परमेश्वर कहाँ जानु र उहाँको शरण लिनुपर्दछ।

**परमेश्वर हाम्रो शरणस्थान हुनुहुन्छ**

हामी परमेश्वरसँग नजिक भएर हिँड्दा किन शरणस्थान चाहियो भन्ने प्रश्न उठ्न सक्छ। हामी जहिले पनि उहाँको पखेटामुनी आएर मात्र सुरक्षाको महसुस गर्न सकिन्छ। परमेश्वर मेरो संकट नहुन्जेल म तपाईंको छायाँ मुनि बस्न चाहन्छु। (भजनसंग्रह, ५७ : १, ९१ : ४) यो हाम्रो प्रार्थना हुनु पर्दछ। उहाँले हामीलाई त्यसरी नै कहिलै नछाड्ने अँगालो भित्र लुकाएर राख्नु हुन्छ। (व्यवस्था ३३ : २७) परमेश्वर हाम्रो चाहना र किल्ला हुनुहुन्छ जहाँ हामी निरन्तर सहारा लिन सक्दछौं। (भजनसंग्रह ७१ : ३)

**परमेश्वर हाम्रो बल हुनुहुन्छ**

मानिसको आफ्नो शक्ति एकदमै सिमित छ। जीवनमा यस्ता धेरै ठाउँहरू छन् जहाँ हाम्रो शक्ति निस्फल हुन्छ। तर हामीले विश्वास गरेका परमेश्वरको शक्ति असीमित छ र त्यो कहिलै कमि हुँदैन। "हाम्रा परमेश्वर महान् हुनुहुन्छ र सामर्थ्यमा शक्तिशाली हुनुहुन्छ। ( भजनसग्रह १४६ : ५) उहाँको सामर्थ्यले नै ताराहरू स्थिर बस्दछन् र उहाँ त्यही परमेश्वर हुनुहुन्छ जसले हामीलाई बल दिनु हुन्छ जब हामी कमजोर हुन्छौं त्यतिबेला उहाँलाई पर्खन्छौं (यशैया ४० : २६ - ३१) उहाँले हामीलाई उहाँको सीमित शक्ति अनुसार आनन्दसाथ सबै सहनसिलता र धैर्यको लागि तिमीहरू शारा शक्तिसित बलिया होओ (कलस्सी १ : ११) हो, परमेश्वरले यस्तै चाहनुहुन्छ। पावलले भने जस्तै हामीले पनि यसो भन्न सक्नुपर्छ। "जसले मलाई शकि दिनु हुन्छ उहाँमानै म सबकुरा गर्न सक्छु।" (फिलिस्पी ४ : १३) पावलको जीवनको अन्ततिर उनले एउटा अति नै शक्तिशाली गवाही दिन सके। उनले भनेका छन् "प्रभु मेरो साथमा खडा हुनुभयो र सम्पूर्ण रूपले वचनको घोषणा गर्न मलाई शक्ति दिनुभयो।" (२ तिमोथी ४ : १७) त्यसरी नै हामीले पनि जस्तो सुकै परिस्थितिमा प्रभुलाई शक्ति दिनुहोस् म तपाईंको शक्तिमा उभिन्छु भन्न सक्नुपर्दछ। पावलले हामीलाई उत्साह दिन्छन् उहाँका शकिको सामर्थ्यमा वलवान होओ।" (एफिसी ६ : १०)

**प्रभु हाम्रो सहायता हुनुहुन्छ**

भजनसंग्रह १२१ मा भजन रचइताले भनेका छन् 'स्वर्ग र पृथ्वी सृष्टि गर्नुहुने परमेश्वर मलाई गुहार आउँछ।' (१ - २ पद) हाम्रो जीवनका हरेक पक्षमा उहाँको सहायता आवश्यकता पर्दछ। जसले संसारका सबैथोक बनाउनु भयो उहाँले नै हाम्रो सहायता गर्नुहुन्छ। हो, त्यो सहायता आज हामीलाई आवश्यकता छैन र अवस्य छ।

हामीलाई असम्भव भएको अवस्थामा पनि परमेश्वरले हामीलाई सहायता गर्न तयार हुनुहुन्छ र भन्ने लाग्न सक्छ। राजा यहोशायात का दिनका मानिसहरूलाई सम्झौं त

यहूदाका मानिसहरूलाई हेरौं त, तिमीहरूले आक्रमण गर्दा सबैले हारको महसुस गरिरहेका थिए । (यहाँ यहूदाको मानिसहरूले के गरे ? तिनीहरू प्रभुबाट सहायताको लागि एक ठाउँमा जम्मा भए (२ इतिहास २० : ४) त्यो समयमा परमेश्वरले हस्तक्षेप गर्नुभयो र अचम्म प्रकारले परमेश्वरले तिनीहरूलाई बचाउनु भयो । जुनसुकै परिस्थिति पनि हाम्रा परमेश्वरको लागि गाह्रो हुँदैन ।

भजनसंग्रह ४६ ले हामीलाई यो कुरा सम्झना दिलाउँछ कि उहाँले संकटमा तुरुन्तै सहायता गर्नुहुन्छ । यो अध्यायको ७ र ११ पदमा दुईपटक यो वाक्य दोहोरिएको छ "सर्वशक्तिमान परमप्रभु हाम्रो साथमा हुनुहुन्छ, सर्वशक्तिमान परमप्रभु हाम्रो साथमा हुनुहुन्छ । किन यो दोहोरिएको होला भनी अचम्म मान्नु जरुरि छैन । यसको अर्थ हामीलाई सहायता गर्न उहाँ हामी सँगै पक्का हुनुहुन्छ भन्ने लाग्दछ । किनभने परमेश्वर भन्नुहुन्छ "म तिम्रो शरणस्थान हूँ, त्यसैले मैले तिमीलाई कुनै रितले त्याग्ने छैन कुनै रितले छाड्ने छैन ।" त्यसरी हामी निडर साथ भन्न सक्छौं प्रभु मेरो सहायक हुनुहुन्छ त्यसैले म कहिलै डराउँदिन (हिब्रू १३ : ५ - ६) परमेश्वरले हामीलाई यो वचनद्वारा सान्त्वना दिनुहुन्छ ।

"यसैले नडरा, किनकि म तँ सित छु, निरुत्साहित न हो, किनकि म तेरा परमेश्वर हूँ । म तँलाई बलियो पार्नेछु म तँलाई सहायता गर्ने छु । मेरो धार्मिकताको दाहिने हातले म तँलाई समात्ने छु ।" (यशैया ४१ : १०)

"परमेश्वरले तपाईँहरूलाई प्रशस्त आशिष दिउन् ।"

# वचन प्रचार गर्नु

## Proclaim the Word

**By Rich Carmicheal**

पावल प्रेरितले दोस्रो तिमोथीका अन्तका दिनमा परमेश्वरका कुराहरू घट्दै गएका छन् र पापका कुराहरू बढ्दै गएका छन् भन्दछन् "तर यो बुझिराख् कि आखिरी दिनहरूमा डरलाग्दा समयहरू आउनेछन् । किनभने मानिसहरू आफैलाई मात्र माया गर्ने, रुपियाँपैसाको मोह गर्ने, घमण्डी, हठी, अरूको बदनाम गर्ने, आमाबाबुको आज्ञापालन नगर्ने, बैगुनी र अपवित्र, स्वाभाविक प्रेमरहितका खुसी पार्न नसकिने, अरूको बद्ख्वाईं गर्ने, दूरनारी, क्रूर, असल कुराहरूलाई घृणा गर्ने, विश्वासघाती, उत्ताउला, अहङ्कारले फुलेका, परमेश्वरलाई भन्दा सुख, विलासलाई प्रेम गर्ने, भक्तिको भेष चाह लिने तर त्यसको शक्तिलाई इन्कार गर्ने हुनेछन्, यस्ता मानिसहरूबाट अलग बसौं (२ तिमोथी ३ : १ - ५) मानिसहरू परमेश्वरले के भन्नुहुन्छ त्यसलाई सुन्न चाहँदैनन् । बरु आफूलाई जे मन लाग्छ त्यही गर्न खुसी हुन्छन् । "किनकि यस्तो समय आउँदैछ, जब तिनीहरू ठीक शिक्षालाई नसहने हुनेछन्, तर आफूलाई मन परेको कुरा मात्र सुन्न चाहनेछन् र आफ्नो रुचिअनुसार शिक्षकहरू थुपार्नेछन्, र सत्य कुरा सुन्नदेखि तर्किजानेछन्, दन्त्यकथातिर बरालिनेछन् ।" (२ तिमोथी ४ : ३ -४) यस्ता समयमा पावलले परमेश्वरको वचन अरू समुदायको बीचमा बाँड्न पर्छ भन्ने कुरालाई विशेष जोड दिएका छन् । उनले सबैलाई सल्लाह दिँदछन् कि परमेश्वर धर्मशास्त्रको वचनअनुसार सधैँ लागिरहनुपर्छ । "परमेश्वरले भन्नुभयो, र तर तिमीहरूचाहिँ आफूले सिकेका र दृढतासँग विश्वास गरेका यी कुराहरूमा लागिरह । ती कसबाट सिकेका छौ सो तिमी आफै जान्दछौ तिमी बाल्यकालदेखि पवित्र धर्मशास्त्रसँग परिचित छौ । जसले ख्रीष्ट येशूमा भएका विश्वासद्वारा मुक्तिका निम्ति तिमीलाई शिक्षा दिन सक्छौ । सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालिम दिनलाई लाभदायक हुन्छ । ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्ण रूपले सुसज्जित भई सिद्ध भएको होस् ।" (२ तिमोथी ३ : १४ - १७) उनले २ तिमोथीकै ४ : २ मा यसरी भन्दछन्, "वचन प्रचार गर, समय र बेसमयमा तत्पर बस, अर्ती देऊ, हप्काऊ, उत्साह देऊ र धैर्यमा र शिक्षा दिने कुरामा नथुक ।"

यी अन्तिम दिनहरूमा सबै उमेरका मानिसहरूलाई परमेश्वरको वचनमा गहिरिनु खाँचो छ र यसले हामीलाई सुधार्ने अर्ती दिनु तालिम दिन सल्लाह दिन सहायता गर्दछ । हामीलाई साँच्चै नै परमेश्वरको जिउँदो र जीवित वचनको अति नै खाँचो छ । परमेश्वरको वचनले यसरी भन्दछ "किनकि परमेश्वरको वचन जीवित र क्रियाशील हुन्छ र कुनै पनि दोधारे तरबारभन्दा बढी धारिलो हुन्छ, यसले प्राण र आत्मालाई त्यसका जोर्नी- जोर्नी र हाडको गुदीसम्मलाई भाग-भाग पारुञ्जेल वारपार छेड्ने र हृदयका विचार र इच्छा जाँच्न सक्ने हुन्छ ।" (हिब्रू ४ : १२)

त्यसकारण अहिलेको समयमा हामीलाई साहसी र बलियो प्रचारक र शिक्षाको खाँचो छ जुन चाहिँ परमेश्वरको आत्माले भरिएको र परमेश्वरको वचनमा गहिरिएको परमेश्वरको जन जुटाइदिनु भएको होस् । विशेष गरेर शक्तिशाली वचन प्रचारको लागि परमेश्वरले शक्ति दिऊन् ।

# BOOKPOST

## पत्र पाउनेको ठेगाना (TO)

**नाम** (Name) :

**ठेगाना** (Address) :

## हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह–सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : नवराज पन्त

G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal

E-mail: nepalherald@yahoo.com

Phone No:- 2090221, 4382442

**Published by: Gospel Revival Inc. (all rights reserved)**

**Counselor: Rich Carmicheal**

**Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682**

**Co- Editor: Shanti Poudel**

**Editor: Nava Raj Panta**

**website: www.nepalherald.blogspot.com**